
# गणना तथा सर्वेक्षणहरुसँग सम्वन्धित सरोकारवालाहरुसँग अन्तरकृया तथा छलफल

## स्थानः खलङ्गा, जाजरकोट

## मितिः २०८२ असार २५ गते



नेपाल सरकार

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

राष्ट्रिय तथ्याङ्क कार्यालय

**तथ्याङ्क समन्वय कार्यालय सुर्खेत**

# गणना तथा सर्वेक्षणहरुसँग सम्वन्धित सरोकारवालाहरुसँग अन्तरकृया तथा छलफल

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
राष्ट्रिय तथ्याङ्क कार्यालय
तथ्याङ्क समन्वय कार्यालय सुर्खेत

प्रस्तोता:
विनोद आचार्य
तथ्याङ्क समन्वय अधिकारी


# केही प्रश्न

- तथ्याङ्क के हो ?
- तथ्याङ्क किन चाहिन्छ ?
- तथ्याङ्कको प्रयोगकर्ता को हुन ?
- तथ्याङ्कका स्रोत के हुन ?
- तथ्याङ्क सङ्कलन कसरी गरिन्छ ?
- तथ्याङ्कको प्रस्तुती कसरी हुन्छ ?
- तथ्याङ्क सङ्कलनमा के के त्रुटी हुन सक्छन् ?




# तथ्याङ्कको परिचय (Introduction to Data, Statistics)

- संख्यामा ब्यक्त गरिने जानकारी
- विकास तथा अनुसन्धान तर्फको प्रस्थान विन्दु
- तथ्यहरूको सामुहिक प्रस्तुती
- सवै बैज्ञानिक अध्ययनका लागि आधारभूत औजार
- तथ्याङ्कको प्रयोगबाट कुनै पनि वस्तु, घटना वा जनसमुहको बारेमा जानकारी सङ्कलन गरेर त्यसको आधारमा निष्कर्ष निकाल्न सकिन्छ




**तथ्याङ्क शास्त्र:**
संख्यात्मक तथ्यहरूको सङ्कलन, प्रशोधन, विश्लेषण, प्रस्तुतीकरण, ब्याख्या र प्रयोग गर्ने विज्ञान




# तथ्याङ्कको महत्व

- नीति निर्माण,
- योजना तथा कार्यक्रम तर्जुमा,
- कार्यक्रम कार्यान्वयनको अनुगमन तथा मूल्याङ्कन,
- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विकास लक्ष्यहरूको प्रगति मापन,
- अध्ययन अनुसन्धान,
- अनुमान, प्रक्षेपण, भविष्यवाणी ।
- तथ्याङ्क मानव कल्याणका लागि आवश्यक विषय हो, यसले सीमित साधन स्रोतको अधिकतम वितरणका लागि निष्पक्ष मार्ग प्रदान गर्दछ ।
- तथ्याङ्क विनाको योजना कल्पना गर्न पनि सकिंदैन।
- तथ्याङ्कले सम्बन्धित तथ्यहरू बीचको सम्बन्ध प्रस्तुत गर्दछ।

- तथ्याङ्क प्रशासनको आँखा हो।
- अनुगमन तथा सुपरिवेक्षण कार्यलाई तथ्याङ्कले मद्दत गर्दछ।
- तथ्याङ्क व्यापार, व्यवसाय र वाणिज्यका लागि अमूल्य मानिन्छ।
- तथ्याङ्क विगतको ज्ञान र अनुभवको अभिलेख हो।
- विज्ञानका सबै क्षेत्रमा तथ्याङ्कीय विधिको प्रयोग हुन्छ।
- नीति निर्माण तथा निर्णय प्रक्रियामा तथ्याङ्कले पृष्ठपोषकको कार्य गर्दछ।


# सूचना चक्र


1. Data Collection
(तथ्याङ्क सङ्कलन)
2. Data Processing
(तथ्याङ्क प्रशोधन)
3. Data Analysis
(तथ्याङ्क विश्लेषण)
4. Data Presentation
(तथ्याङ्क प्रस्तुतीकरण)
5. Data Interpretation
(तथ्याङ्कको विवेचना)
6. Data Use
(तथ्याङ्कको प्रयोग)
Guiding Framework for Information System



# तथ्याङ्कका स्रोत

- **प्राथमिक स्रोत (Primary Source)**
- अन्वेषक वा अनुसन्धानकर्ता आफैले संकलन गरेको तथ्याङ्कलाई प्राथमिक तथ्याङ्क र स्रोतलाई प्राथमिक स्रोत भनिन्छ।
- **द्धितीयक स्रोत (Secondary Source)**
- अरू कसैले संकलन गरेको तथ्याङ्क पुनः प्रयोगका लागि संकलन गरिएको तथ्याङ्कलाई माध्यमिक तथ्याङ्क र त्यस्ता स्रोतलाई माध्यमिक स्रोत भनिन्छ।



तथ्याङ्कका स्रोतहरू
प्राथमिक स्रोत
द्वितीयक स्रोत
गणना
नमुना सर्वेक्षण
प्रशासनिक अभिलेख
विग डाटा
जनगणना, कृषिगणना, * आर्थिक गणना
नेपाल जीवस्तर सर्वेक्षण, श्रमशक्ति सर्वेक्षण, औद्योगिक सर्वेक्षण, घरपरिवार बजेट सर्वेक्षण
सूचना व्यवस्थापन प्रणाली
गुगल सर्च इन्जिन, स्याटेलाइट इमेजरी

# तथ्याङ्क सङ्कलनका तरिकाहरू

## प्राथमिक स्रोतबाट तथ्याङ्क सङ्कलन गर्ने तरिका

- अवलोकन
- प्रश्नावली
- अन्तरवार्ता
- पत्राचार
- सामुहिक छलफल
- प्रयोग

## द्वितीयक स्रोतबाट तथ्याङ्क सङ्कलन गर्ने तरिका

- जर्नल
- प्रकाशनहरू
- आन्तरिक अभिलेखहरू
- अनलाइन डाडाबेस
- सामाजिक सञ्जाल
- सञ्चार माध्यम
- वेवसाइट
- डिजिटल लाइब्रेरी

# तथ्याङ्क सङ्कलनका विधिहरू

## गणना विधि र नमूना छनौट विधि




| तुलनाका आधार | गणना विधि | नमुना विधि |
|---|---|---|
| परिभाषा | जनसंख्याको प्रत्येक एकाइबाट तथ्याङ्क सङ्कलन गरिन्छ | जनसंख्याको एक भाग (नमूना) बाट तथ्याङ्क सङ्कलन गरिन्छ |
| जनसंख्याको कभरेज | जनसंख्याका सम्पूर्ण एकाईहरू | जनसंख्याबाट विधिसम्मत रूपमा छानिएका नमूना एकाईहरू |
| समय | धेरै समय लाग्न | तुलनात्मक रूपमा कम समय लाग्छ |
| लागत | खर्चिलो हुन्छ | कम खर्चिलो वा लागत प्रभावी हुन्छ |
| शुद्धता | शुद्धताको सभम्भावना बढी हुन्छ | नमूनाको आकार र छनौट विधिमा भर पर्छ |
| उपयुक्तता | जनसंख्या कम हुँदा वा शुद्धता महत्वपूर्ण हुँदा उपयुक्त हुन्छ | जनसंख्या ठुलो, स्रोतसाधन र सीमित हुँदा उपयुक्त हुन्छ |
| उदाहरण | राष्ट्रिय जनगणना, कृषि गणना, आर्थिक गणना..... | जीवनस्तर सर्वेक्षण, जनसांखिक स्वासथ्य सर्वेक्षण, बहुसूचक सर्वेक्षण..... |

# नेपालमा गरिने प्रमुख गणनाहरू

## १. राष्ट्रिय जनगणना

- सञ्चालन गर्ने निकायः राष्ट्रिय तथ्याङ्क कार्यालय
- शुरूवातः वि.सं. १९६८
- समय अन्तरालः हरेक १० बर्षमा
- पछिल्लो जनगणनाः वि.सं. २०७८ (१२ औं राष्ट्रिय जनगणना)
- उद्देश्यः जनसंख्याको आकार, वितरण, उमेर, लिङ्ग, साक्षरता, रोजगारी, बसाईँसराइ आदि बारे विस्तृत जानकारी सङ्कलन गर्ने
- महत्वः राष्ट्रिय योजना, निर्वाचन सीमा र स्रोत बाँडफाँडको लागि महत्वपूर्ण

## २. राष्ट्रिय कृषिगणना

- सञ्चालन गर्ने निकायः राष्ट्रिय तथ्याङ्क कार्यालय
- शुरूवातः वि.सं.२०१८
- समय अन्तरालः हरेक १० बर्षमा
- पछिल्लो जनगणनाः वि.सं. २०७८ (सातौं राष्ट्रिय कृषिगणना)
- उद्देश्यः जग्गाको स्वामित्व, बालीनालीको ढाँचा, पशुधन, मलको प्रयोग, सिंचाइ र कृषि उपकरणहरूको तथ्याङ्क सङ्कलन गर्ने
- महत्वः कृषि नीति र खाद्य सुरक्षा कार्यक्रमहरू निर्माण गर्न सहयोग गर्दछ

# नेपालमा गरिने प्रमुख गणनाहरू

## ३. नेपाल औद्योगिक प्रतिष्ठान गणना

- सञ्चालन गर्ने निकायः राष्ट्रिय तथ्याङ्क कार्यालय
- शुरूवातः वि.सं. २0२२
- समय अन्तरालः हरेक ५ बर्षमा
- पछिल्लो गणनाः वि.सं. २०६९ (१० औं गणना)
- **उद्देश्यः** उद्योगका प्रकार, उत्पादन स्तर, रोजगारी, स्थिर सम्पत्ति, आदि बारे विवरण सङ्कलन गर्ने
- महत्वः औद्योगिक विकास र लगानी योजनालाई सघाउ पुर्याउँछ

## ४. राष्ट्रिय आर्थिक गणना

- सञ्चालन गर्ने निकायः राष्ट्रिय तथ्याङ्क कार्यालय
- शुरूवातः वि.सं. २०७५
- समय अन्तरालः ५ बर्ष
- पछिल्लो आर्थिक गणनाः २०७५
- उद्देश्यः व्यावसायिक उद्यम, रोजगारी र आर्थिक गतिविधि, सम्बन्धी विस्तृत तथ्याङ्क।
- महत्वः आर्थिक नीति, निजी क्षेत्र विकास र लगानी रणनीतिको लागि महत्वपूर्ण।

# जनगणनामा सङ्कलन गरिने विवरणहरू

## १. जनसांखिक विवरणः

- जम्मा जनसंख्या
- उमेर र लिङ्ग अनुसारको जनसंख्या
- वैवाहिक स्थिती
- परिवारको आकार र बनोट
- जन्मस्थान र बसोवासको स्थान
- बसाईसराई (आन्तरिक तथा बाह्य)

## २. जातिय र साँस्कृतिक जानकारीः

- जातियता, जाति
- परिवारमा बोलिने भाषा
- मातृभाषा
- धर्म

## ३. शैक्षिक विवरण

- साक्षरताको अवस्था
- शिक्षा हासिल गरेको तह
- शिक्षालयमा उपस्थिती

## ४. **अपाङ्गता र स्वास्थ्य** सम्बन्धी विवरण

- अपाङ्गताको किसिम
- दीर्घरोगी ब्यक्ति
- स्वास्थ्य संस्थामा पहुँच

## ५. नागरिकता र पञ्जिकरण

- नागरिकताको अवस्था
- नागरिकताको किसिम
- पञ्जिकरण सम्बन्धी प्रमाणपत्र

# ..जनगणनामा सङ्कलन गरिने विवरणहरू

## ६. आवास र बसाईको अवस्था

- घरको प्रकार (सामाग्री र बनोट)
- घरको स्वामित्व
- सेवामा पहुँच
    - खानेपानी
    - विद्युत
    - शौचालय
    - खाना पकाउने इन्धन
    - सञ्चारमाध्यम र इण्टरनेट

## ८. प्रजनन र मृत्यु तथ्याङ्क

- जन्मिएका बच्चाहरूको संख्या
- हाल जिवित सन्तान
- मृत्यु, मातृमृत्यु सम्बन्धी विवरण


## ७. बसाईसराई र वैदेशिक रोजगारी

- अनुपस्थित ब्यक्ति संख्या
- बसाईसराईको कारण
- गएको देश
- विदेशमा रहेको अवधि
- विप्रेषण सम्बन्धी विवरण


## ९. आर्थिक विवरण

- रोजगारी अवस्था
- पेशा
- मुख्य आर्थिक कृयाकलाप
- रोजगारीको क्षेत्र
- बेरोजगारी र अर्ध-बेरोजगारी

# जनगणना: नेपाल




जनसंख्या
जनसंख्या
५६३८७४९
५५७३७८८
५५३२५७४
६२८३६४९
८२५६६२५
९४१२९९६
११५५५९८३
१५०२२८३९
१८४९१०९७
२३१५१४२३
२६४९४५०४
२९१६४५७८
१९६८
१९७७
१९८७
१९९८
२००७-११
२०१८
२०२८
२०३८
२०३८
२०५८
२०६८
२०७८
गणना बर्ष


जनसंख्या बृद्धीदर
-०.१३
-०.०७
१.१६
२.२७
१.६४
२.०५
२.६२
२.०८
२.२४
१.३५
०.९३
१९७७
१९८७
१९९८
२००७-११
२०१८
२०२८
२०३८
२०४८
२०५८
२०६८
२०७८
जनगणना बर्ष, वि.सं.

# जनगणनाः जाजरकोट

## जनसंख्या





## जनसंख्या बृद्धीदर




# जनगणना

| जिल्ला | जनसंख्या | | |
|---|---|---|---|
| | जम्मा | पुरूष | महिला |
| डोल्पा | ४२७७४ | २१३७१ | २१४०३ |
| मुगु | ६४५४९ | ३२३८१ | ३२१६८ |
| हुम्ला | ५५३९४ | २७८८६ | २७५०८ |
| जुम्ला | ११८३४९ | ५९२२८ | ५९१२१ |
| कालिकोट | १४५२९२ | ७२२४५ | ७३०४७ |
| दैलेख | २५२३१३ | १२०७७४ | १३१५३९ |
| जाजरकोट | १८९३६० | ९४०६३ | ९५२९७ |
| रूकुम पश्चिम | १६६७४० | ८१०९१ | ८५६४९ |
| सल्यान | २३८५१५ | ११४९८२ | १२३५३३ |
| सुर्खेत | ४१५१२६ | १९९७४० | २१५३८६ |
| कर्णाली | १६८८४१२ | ८२३७६१ | ८६४६५१ |
| नेपाल | २९१६४५७८ | १४२५३५५१ | १४९११०२७ |




# जनगणना

## कर्णाली प्रदेशको जनसंख्या पिरामिड





## जाजरकोट जिल्लाको जनसंख्या पिरामिड





# जाजरकोटमा स्थानीय तह अनुसार परिवार संख्या र जनसंख्या, २०७८

जम्मा जनसंख्या
१८९३६०
जम्मा परिवार
संख्याः ३७४६६



# जात अनुसारको जनसंख्या, २०७८



# कृषिगणनामा सङ्कलन गरिने विवरणहरू

## १. जमिनको स्वामित्व

- कृषिचलनको संख्या र आकार
- स्वामित्वको प्रकार (आफ्नो, लिजमा, भाडामा आदि)
- जमिनको कित्ता प्रणाली
- जमिनको प्रयोग र वर्गीकरण (खेती गरिएको, बाँझो, चरन, वन आदि)
- सिञ्चित र असिञ्चित जमिन

## ३. पशुपंक्षी पालन

- किसिम र संख्या (गाई, भैंसी, बाख्रा, सुंगुर, कुखुरा, हाँस आदि)
- पशुपंक्षी पालनको उद्देश्य (मासु, दुध, काम लगाउने आदि)

## २. बाली सम्बन्धी विवरण

- खेती गरिएका बालीका प्रकारहरू (अस्थायी बाली, स्थायी बाली)
- बालि लगाउने ढाँचा (एकबाली, दुइबाली, (single, double, मिश्रित)
- बाली लगाइए क्षेत्र र कटनी गरिएको क्षेत्र
- उत्पादनको मात्रा र प्रतिहेक्टर उत्पादन

## ४. कृषि सामाग्रीको प्रयोग

- रासायनिक मल (जैविक तथा अजैविक)
- किटनाशक तथा झारनाशक औषधी)
- सुधारिएको बिउ
- संचाईको प्रयोग र स्रोत (नहर, ट्युबवेल, इनार, कुलो, बर्षा आदि
- कृषि मेसिनरी र उपकरणहरू (ट्याक्टर, थ्रेशर, हलो, ट्रेलर आदि)

# कृषिगणनामा सङ्कलन गरिने विवरणहरू

## ५. श्रम र कार्यशक्ति

- कृषिमा संलग्न श्रमशक्ति/कामदार
- कामदार/श्रमको प्रकार (परिवार सदस्य, ज्यालादार, स्थायी, मौसमी)
- उमेर लिङ्ग अनुसारको सहभागिता

## ६. कृषि आम्दानी र खर्च

- कृषि आम्दानीका स्रोतहरू (बाली, पशुपंषी, अन्य)
- उत्पादन लागत
- ऋृणमा पहुँच
- अनुदान र सरकारी सहयोगको उपयोग

## ७. सेवा र स्रोतमा पहुँच

- विस्तारित सेवाहरू
- पशु स्वास्थ्य सेवा
- बजार र यातायातको पहुँच
- भण्डारण र सिंचाईको सुविधा

## ८. प्रविधि र अभ्यासको प्रयोग

- आधुनिक कृषि प्रविधिको प्रयोग
- खेतीमा सूचनाप्रविधीको प्रयोग
- जैविक खेतीको अभ्यास
- जलवायु मैत्री कृषि


## ९. कृषकहरूको सामाजिक आर्थिक अवस्था

- उमेर, लिङ्ग, शिक्षा र परिवारमूली
- मुख्य पेशा (पूर्ण समय/आंशिक समय कृषि)
- जातजाति अनुसार जमिनको चलन/प्रयोग
- कृषिमा रहेका जोखिम समुह

# कृषिगणना २०७८

## कृषिचलन संख्या


कर्णाली प्रदेशः ३०२,६४०, नेपालः ४,१३०,७८९



# कृषिगणना २०७८

## कृषि क्षेत्रफल (हेक्टरमा)


कर्णाली प्रदेशः ११७,४१०, नेपालः २२१८४०९.९



# कृषिगणना २०७८

## कित्ता संख्या


कर्णाली प्रदेश: १,०१७,९२४, नेपाल: ११,५८३,९५०



# कृषिगणना २०७८

## औसत कित्ता संख्या

कर्णाली प्रदेश: ३.४, नेपाल: २.८




# औद्योगिक प्रतिष्ठान गणनामा सङ्कलन गरिने विवरणहरू






- प्रतिष्ठानको परिचयात्मक विवरण
- प्रतिष्ठानको सङ्गठनात्मक संरचना
- मुख्य औद्योगिक कृयाकलाप
- रोजगारी सम्बन्धी विवरण
- इन्धनको प्रयोग सम्बन्धी ववरण
- औद्योगिक सेवामा खर्च र आम्दानी विवरण
- कच्चा पदार्थको खरिद
- मौज्दातको अवस्था
- गैर औद्योगिक सेवाको खर्च
- गैर औद्योगिक सेवाबाट हुने प्राप्ती
- अप्रत्यक्ष कर सम्बन्धी विवरण
- अचल सम्पत्ती सम्बन्धी विवरण
- उत्पादन क्षमताको उपयोग
- वातावरणीय पक्ष
- औद्योगिक प्रतिष्ठानलाई असर पार्ने प्रमुख तत्वहरू




औद्योगिक प्रतिष्ठानको संख्या
४२७१
३५५७
३२१३
३४४६
४०७६
१९९१-९२
१९९६-९७
२००१-०२
२००६-०७
२०११-१२

# औद्योगिक प्रतिष्ठानमा संलग्न ब्यक्तिहरू




औद्योगिक प्रतिष्ठानहरूको मुल्य अभिवृद्धी, रू हजारमा
८०७८४०५९
४१००१२६३
२५६१२१२७
२००६२३७७
१२१४९८०८
१९९१-९२
१९९६-९७
२००१-०२
२००६-०७
२०११-१२

# आर्थिक गणनामा सङ्कलन गरिने विवरणहरू

- प्रतिष्ठानको परिचयात्मक विवरण
- दर्ता र वैधानिक स्थिती सम्बन्धी विवरण
- सञ्चालन सम्बन्धी विवरण
- ब्यवस्थापक र ब्यवसाय धनी सम्बन्धी विवरण
- स्वामित्व र क्षेत्रफल सम्बन्धी विवरण
- जनशक्ति र रोजगारी सम्बन्धी विवरण
- आर्थिक कृयाकलाप सम्बन्धी विवरण
- प्रतिष्ठानको विस्तार सम्बन्धी विवरण
- कारोवार र आम्दानी खर्च सम्बन्धी विवरण
- ऋृण सम्बन्धी विवरण
- आबद्धता म्बन्धी विवरण

# आर्थिक गणना २०७५

## नेपालः

जम्मा प्रतिष्ठान संख्या
९२३,३५६

- दर्ता भएका
  ५६२,६०५
  ५०.१%
- दर्ता नभएका
  ४६०,७५१
  ४९.९%

जम्मा संलग्न ब्यक्तिहरू
३२२८,४५७

- दर्ता
  २३९४,०९७
  ७४.२%
- दर्ता नभएका
  ८३४,३६०
  २५.८%

## कर्णाली प्रदेशः

जम्मा प्रतिष्ठान संख्या
४२,८०७


- दर्ता भएका
  २०,८८३
  ४८.८%
- दर्ता नभएका
  २१,९२१
  ५१.२%

जम्मा संलग्न ब्यक्तिहरू
११८,९५१

- दर्ता
  ८०,५२९
  ६७.७%
- दर्ता नभएका
  ३८,४१७
  ३२.३%


# आर्थिक गणना २०७५

## कर्णाली प्रदेशमा जिल्ला अनुसार प्रतिष्ठान संख्या





# आर्थिक गणना २०७५

## कर्णाली प्रदेशमा जिल्ला अनुसार संलग्न जनशक्ति संख्या



# नेपालमा गरिने प्रमुख सर्वेक्षण




## १. नेपाल जीवनस्तर सर्वेक्षण (NLSS)

- सञ्चालन गर्ने निकायः राष्ट्रिय तथ्याङ्क कार्यालय
- समय अन्तरालः हरेक ५-१० बर्षमा
- पछिल्लो सर्वेक्षणः वि.सं. २०७९-८०(AD 2022/23)
- उद्देश्यः घरायसी आय, खर्च, गरिबी, स्वास्थ्य, शिक्षा र रोजगारीको मूल्याङ्कन गर्ने
- महत्वः गरिबी, जीवनस्तर मापन र सामाजिक कार्यक्रमहरूको योजनाको लागि सूचना प्राप्त हुने ।

## २. नेपाल जनसांखिक स्वास्थ्य सर्वेक्षण NDHS)

- सञ्चालन गर्ने निकायः स्वास्थ्य तथा जनसंख्या मन्त्राय (USAID को सहयोगमा)
- समय अन्तरालः हरेक ५ बर्षमा
- पछिल्लो सर्वेक्षणः वि.सं. २०७९ (AD 2022)
- उद्देश्यः प्रजनन क्षमता, मृत्युदर, परिवार नियोजन, मातृ तथा बाल स्वास्थ्य, पोषण, र एचआईभी/एड्स सम्बन्धी तथ्याङ्क सङ्कलन गर्ने।
- महत्वः स्वास्थ्य नीति र जनसांखिक योजनाको लागि सूचना प्राप्त हुने ।.

# नेपालमा गरिने प्रमुख सर्वेक्षण

## ३. नेपाल बहुसूचक सर्वेक्षण (NMICS)

- सञ्चालन गर्ने निकायः राष्ट्रिय तथ्याङ्क कार्यालय (UNICEF को सहयोगमा)
- समय अन्तरालः हरेक ५-१० बर्षमा
- पछिल्लो सर्वेक्षणः वि.सं. २०८१, NMICS 2024 (नतिजा आउन बाँकी)
- उद्देश्यः बालबालिका र महिलाहरूको स्वास्थ्य, शिक्षा, र समृद्धि बारेमा जानकारी सङ्कलन गर्नु
- महत्वः दिगो विकास लक्ष्य प्रतिको प्रगति अनुगमन गर्न आधार उपलब्ध हुने

## ४. नेपाल श्रमशक्ति सर्वेक्षण (NLFS)

- सञ्चालन गर्ने निकायः राष्ट्रिय तथ्याङ्क कार्यालय (ILO को सहयोगमा)
- समय अन्तरालः हरेक ५-१० बर्षमा
- पछिल्लो सर्वेक्षणः वि.सं. २०७४-७५ (AD 2017-18)
- उद्देश्यः रोजगारी, बेरोजगारी, श्रमिक सहभागिता, तलब, र काम गर्ने समयको तथ्याङ्क संकलन गर्नु।
- महत्वःश्रम बजार विश्लेषण र रोजगार नीतिको लागि आधार तयार हुने

NMICS

ILO 100 1919-2019
SOCIAL JUSTICE
DECENT WORK

# नेपालमा गरिने प्रमुख सर्वेक्षण

## ५. राष्ट्रिय लेखा सर्वेक्षणः

- Conducted by: राष्ट्रिय तथ्याङ्क कार्यालय
- समय अन्तरालः वार्षिक, त्रैमासिक
- उद्देश्यः समष्टिगत आर्थिक तथ्याङ्क सङ्कलन गर्न
- महत्वः वित्तीय तथा आर्थिक नीति, योजनाको लागि आधार उपलब्ध गराउने





**अन्य सर्वेक्षणहरूः**

- वितरणात्मक ब्यापार सर्वेक्षण,
- होटल तथा लज सर्वेक्षण,
- आन्तरिक पर्यटन सर्वेक्षण,
- कुखुरा पालन सर्वेक्षण,
- मूल्य सर्वेक्षण,
- निजी शिक्षण संस्था सर्वेक्षण,
- नाफा नकमाउने संस्था सर्वेक्षण,
- अस्थायी बालीको लागत सर्वेक्षण,
- बन तथा मत्स्य सर्वेक्षण,
- घरपरिवार सर्वेक्षण,
- जलवायु परिवर्तन सर्वेक्षण,
- फोहर ब्यवस्थापन सर्वेक्षण,
- जलवायु परिवर्तन प्रभाव सर्वेक्षण,
- राष्ट्रिय लेखा बेञ्चमार्क सर्वेक्षण आदि ।





# नेपाल जीवनस्तर सर्वेक्षण, २०७९-८० (२०२२-२३)

## प्रदेश अनुसार गरिबीको दर




# नेपाल जीवनस्तर सर्वेक्षण, २०७९-८० (२०२२-२३)



# नेपाल जीवनस्तर सर्वेक्षण, २०७९-८० (२०२२-२३)

## गरिबी दरको प्रबृत्ती



# नेपाल श्रमशक्ति सर्वेक्षण, २०७४-७५ (२०१७-१८)


## नेपालः

- उमेर १५ बर्षभन्दा माथिको जनसंख्याः २०,७४४०००
- जम्मा श्रमशक्ति जनसंख्याः ७९९४,०००
  - ✓ रोजगार जनसंख्याः ७०८६,०००
  - ✓ बेरोजगार जनसंख्याः ९०८,०००
  - ✓ रोजगारी दरः ८८.६ प्रतिशत
  - ✓ बेरोजगारी दरः ११.४ प्रतिशत
- श्रमशक्तिभन्दा बाहिरको जनसंख्याः १२७५०,०००


## कर्णाली प्रदेशः

- उमेर १५ बर्षभन्दा माथिको जनसंख्याः १,१६३,०००
- जम्मा श्रमशक्ति जनसंख्याः ३१९,०००
  - ✓ रोजगार जनसंख्याः २८८,०००
  - ✓ बेरोजगार जनसंख्याः ३१,०००
  - ✓ रोजगारी दरः ९०.३ प्रतिशत
  - ✓ बेरोजगारी दरः ९.७ प्रतिशत
- श्रमशक्तिभन्दा बाहिरको जनसंख्याः ८४३,०००


# नेपाल श्रमशक्ति सर्वेक्षण, २०७४-७५ (२०१७-१८)




# नेपाल श्रमशक्ति सर्वेक्षण, २०७४-७५ (२०१७-१८)




# नेपाल श्रमशक्ति सर्वेक्षण, २०७४-७५ (२०१७-१८)







# नेपाल जनसांखिक स्वास्थ्य सर्वेक्षण, २०२२(वि.सं.२०७९-८०)


## मध्यम वा गम्भिर खाध्य असुरक्षा भएका घरपरिवार को प्रतिशत





## ५ वर्ष मुनिका पुड्का बालबालिकाहरुको प्रतिशत




## पाँच बर्ष मुनिको बाल मृत्यु, प्रतिहजार जिवित जन्ममा



# नेपाल जनसांखिक स्वास्थ्य सर्वेक्षण, २०२२(वि.सं.२०७९-८०)



# नेपाल बहुसूचक सर्वेक्षण, २०१९ (वि.सं.२०७५-७६)

| सूचक | नेपाल | कोशी | मधेश | बागमती | गण्डकी | लुम्बिनी | कर्णाली | सु.प. |
|---|---|---|---|---|---|---|---|---|
| सुधारिएको सरसफाइ सुविधा प्रयोग गर्ने जनसंख्या प्रतिशत | ९४.५ | ९६.६ | ८४.१ | ९८.३ | ९९.० | ९५.३ | ९४.९ | ९६.६ |







MICS

# राष्ट्रिय लेखा तथ्याङ्क, आ.व. २०८१-८२



## अर्थतन्त्रको आकार (कूल गार्हस्थ्य उत्पादन) रू. अर्बमा




# राष्ट्रिय लेखा तथ्याङ्क, आ.व. २०८१-८२




## कुल गार्हस्थ्य उत्पादनमा प्रदेशहरूको हिस्सा





**सबैभन्दा धेरै हिस्सा: बागमती प्रदेश (३६.५%)**

**सबैभन्दा थोरै हिस्सा: कर्णाली प्रदेश (४.२%)**



# राष्ट्रिय लेखा तथ्याङ्क, आ.व. २०८१-८२






# राष्ट्रिय लेखा तथ्याङ्क, आ.व. २०८१-८२




## अर्थतन्त्रमा क्षेत्रगत योगदान प्रतिशत



# राष्ट्रिय लेखा तथ्याङ्क, आ.व. २०८१-८२



## प्रतिब्यक्ति कुल गार्हस्थ्य उत्पादन, अमेरिकी डलरमा



# तथ्याङ्कको प्रयोग

- योजना प्रक्रिया
- राज्यका प्रत्येक अङ्गहरू
- राजनीति
- गणित, विज्ञान तथा प्रविधि
- अर्थशास्त्र
- ब्यापार, व्यवसाय
- व्यवस्थापन
- लेखा र लेखापरीक्षण
- उद्योग

आर्थिक, सामाजिक, राजनीतिक, वातावरणीय, खगोलीय लगायत सम्पूर्ण क्षेत्रमा तथ्याङ्कको आवश्यकता पर्दछ ।

मानव जीवनका हरेक क्रियाकलापमा तथ्याङ्कको प्रयोग भएकै हुन्छ ।

# तथ्याङ्कका सरोकारवाला

- तीनवटै तहका सरकार (नीति निर्माता, योजनाकार)
- नागरिक समाज तथा नीजि क्षेत्र
- सञ्चार जगत
- प्राज्ञिक क्षेत्र, अध्ययनकर्ता, अनुसन्धानकर्ता, विद्यार्थी
- अन्तर्राष्ट्रिय समुदाय
- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संस्था

# तथ्याङ्कका सीमाहरू

- तथ्याङ्कले गुणात्मक प्रकृतिका घटनाको अध्ययन गर्दैन।
- तथ्याङ्कले एकल व्यक्तिको अध्ययन गर्दैन।
- तथ्याङ्क औसतमा मात्र सही हुन्छन्।
- गलत निष्कर्षमा पुऱ्याउने सम्भावना पनि हुन्छ ।
- तथ्याङ्कको दुरूपयोग हुने खतरा हुन्छ।
- तथ्याङ्क साधन मात्र हो साध्य होइन ।
- तथ्याङ्कको प्रयोग तथ्याङ्कीय साक्षर व्यक्तिहरूले मात्र गर्नसक्दछन्।

# नेपालमा आधिकारिक तथ्याङ्क उत्पादन गर्ने निकायहरू

- तथ्याङ्क ऐन, २०७९ बमोजिम राष्ट्रिय तथ्याङ्क कार्यालय (साविक केन्द्रीय तथ्याङ्क विभाग)ले तथ्याङ्क सङ्कलन, प्रशोधन, विश्लेषण, प्रकाशन र प्रसारका लागि केन्द्रीय निकायको रूपमा भूमिका निर्वाह गर्दै आएको छ ।
- राष्ट्रिय तथ्याङ्क कार्यालयले मुख्यतया जनगणना, विभिन्न नमूना सर्वेक्षण तथा अन्य तथ्याङ्कीय अध्ययनका आधारमा निश्चित समयभित्र भरपर्दो आर्थिक तथा सामाजिक तथ्याङ्क उत्पादन तथा वितरण गर्दछ ।
- यस कार्यालयका अतिरिक्त अन्य सरकारी तथा अर्धसरकारी संघ संस्थाहरूले तथ्याङ्क उत्पादन गरिरहेका छन् ।
- **उदाहरणका लागिः**
- शिक्षा मन्त्रालय - शैक्षिक तथ्याङ्क
- स्वास्थ्य तथा जनसंख्या मन्त्रालय –स्वास्थ्य सम्बन्धी तथ्याङ्क
- कृषि मन्त्रालय – कृषि, पशुपंक्षी तथ्याङ्क आदि ।

# तथ्याङ्क सम्बन्धी नीतिगत व्यवस्था

- नेपालको संविधान
- तथ्याङ्क ऐन, २०७९
- तथ्याङ्क नियम, २०८०
- राष्ट्र बैंक ऐन, २०५८
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४
- तथ्याङ्क विकासका लागि राष्ट्रिय रणनीति, २०७५
- गाउँ/नगर वस्तुस्थिति विवरण तयारी कार्यविधि, २०७८



# तथ्याङ्क समन्वय कार्यालयबाट सञ्चालन गरिने प्रमुख तथ्याङ्कीय कृयाकलापहरू

- वार्षिक तथा त्रैमासिक राष्ट्रिय लेखा तथ्याङ्क
- मूल्य तथ्याङ्क (निर्माण सामाग्री, औद्योगिक उत्पादन, कृषि उत्पादन, ICP आदि)
- आर्थिक गणनाको प्रारम्भिक कार्य (प्रश्नावली परीक्षण, सुझाव संकलन, सचेतना गोष्ठी)
- सर्वेक्षणहरू (आन्तरिक पर्यटन, कुखुरा पालन, निजी शिक्षण संस्था, मत्स्य तथा वन, नाफा नकमाउने संस्था)
- पार्श्वचित्र तयारी (प्रदेश, स्थानीय तह र प्रादेशिक ब्रोसर)
- तथ्याङ्कीय ब्यवसायिक रजिष्टर
- गोष्ठी, समीक्षा (तथ्याङ्कीय साक्षरता, सरोकारवाला अन्तरकृया, राष्ट्रिय तथ्यगत विवरण)
- जनसंख्या प्रक्षेपण

# नियमित रूपमा सङ्कलन गरिने केही सम्बन्धित विवरणहरू

- त्रैमासिक राष्ट्रिय लेखा.xlsx
- वार्षिक राष्ट्रिय लेखा.xlsx
- निर्माण सामाग्री मूल्य संकलन.xlsx
- उत्पादक मूल्य सुचकाङ्क.xlsx
- औद्योगिक उत्पादन सूचकाङ्क.xlsx
- ICP मूल्य संकलन.xls
- कृषि तथा पशुपंक्षी उत्पादन मूल्य.xlsx
- ब्यवसायिक डाइरेक्ट्री.xlsx

विभिन्न गणना, सर्वेक्षणहरू

# विवरणहरू सङ्कलन गरिनुपर्ने कारण

- कुल गार्हस्थ उत्पादन निकाल्नको लागि क्षेत्रगत रूपमा आधारभूत तथ्याङ्क चाहिने
- निर्माण सामाग्री, औद्योगिक उत्पादन, कृषि उत्पादन आदिको मूल्य सूचक निकाल्नको लागि विवरण चाहिने
- विभिन्न आर्थिक गितविधि एवं ब्यवसायको अवस्था के छ र त्यसको अर्थतन्त्रमा के कस्तो योगदान छ भन्ने जानकारी चाहिने
- विभिन्न सर्वेक्षण एवं अध्ययनको लागि सन्दर्भ तथा ढाँचा (Frame) आवश्यक पर्ने
- विभिन्न तहका सरकार, योजनाकार, अध्ययन अनुसन्धानकर्ता एवं अन्य सरोकारवालाइ आवधिक रूपमा तथ्याङ्क तथा सूचना चाहिने
- जनसांखिक, सामाजिक, आर्थिक, भौगोलिक, प्रशासनिक आदिको क्षेत्रगत एवं जानकारी प्राप्त हुने

# विवरणहरू सङ्कलन कार्यमा कठिनाई

- तथ्याङ्क र सूचनालाइ कम महत्व दिइनु
- उत्तरदाताहरूमा तथ्याङ्कको महत्व र उपयोगको बारेमा यथेष्ठ जानकारी गराउन नसकिनु
- गोपनियताको डर आशंका
- तथ्याङ्क दिएपछी तुरून्तै आफुले त्यसको प्रतिफल पाउने अपेक्षा गर्नु
- तथ्याङ्क र तथ्यमा आधारित योजना, निर्णय प्रकृयालाइ खासै महत्व नदिनु
- आर्थिक विषयवस्तु संग सम्बन्धी सही तथ्याङ्क दिन अप्ठयारो मान्नु
- उपलब्ध गराएको तथ्याङ्कको आधारमा सरकारलाइ कर वा जरिवाना तिर्नुपर्छ कि भन्ने भ्रम उत्तरदातामा रहनु
- योजना तर्जुमा प्रकृयामा तथ्याङ्क एवं सूचना भन्दा अन्य बाह्य तत्वको प्रभाव बढी रहनु
- स्थानीय तहहरूमा तथ्याङ्क एकाइको ब्यवस्था नहुनु

# सहयोगको लागि अपेक्षा


- विभिन्न गणना, सर्वेक्षण लगायतका तथ्याङ्क सङ्कलनका लागि यस कार्यालयबाट खटिइ आउने आधिकारिक कर्मचारीहरूलाइ सत्य-तथ्य विवरण उपलब्ध गराइ दिन हुनेछ एवं सहजीकरण गरिदिनु हुनेछ ।
- यसबाट तथ्यमा आधारित विकासको लागि योगदान पुग्नेछ ।


**तथ्याङ्क नीति, योजना एवं विकासको आधार हो ।**
**यसको अप्रत्यक्ष रूपमा ठूलो महत्व छ ।।**


# गणना तथा सर्वेक्षणका तथ्याङ्क कसरी प्राप्त गर्ने

*scosurkhet.nsonepal.gov.np*

*nsonepal.gov.np*





The Issue is not that we need *more* data….

…. but better use of data

**BETTER DATA** → **BETTER DECISION** → **BETTER LIFE OF PEOPLE**


Web: scosurkhet.nsonepal.gov.np
Email: scosurkhet@nsonepal.gov.np
धन्यवाद्